मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

सूचना नं.०६/०८१/०८२

मितिः२०८१/०५/१७
ने.सं.११४४,गुंलागा ३० सोमवार

## दरखास्त आह्वान सम्बन्धी सूचना

यस कार्यालयको लागि तपसिलमा उल्लिखित पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक अपाङ्गता परिचयपत्र प्राप्त नेपाली नागरिकहरूबाट आवश्यक कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| ०५/०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह/+२वा सो सरह उत्तीर्ण गरेको |

१.उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूराभई ४० वर्ष ननाघेको हुनुपर्ने ।
२. दरखास्त दिने स्थानः मानेभञ्ज्याङ गाउँपालिकाको कार्यालय ओखलढुंगा ।
३.दरखास्त दिने अन्तिम मितिः२०८१।०५।३१ गते (कार्यालय समयभित्र)।
४.आवेदन दस्तुरः ५००।-
५.छनोटको किसिमः प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन,लिखित परीक्षा, प्रयोगात्मक (कम्प्युटर) र अन्तर्वार्ता ।
६.आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि (क) नेपाली नागरिकताको प्रमाणपत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्र (घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात (ङ) कम्तीमा ३ महिने आधारभुत कम्प्युटर तालिमको प्रमाणपत्र (च) अपाङ्गता परिचयपत्र (छ) २ प्रति पासपोर्ट साइजको फोटो ।
७.सेवा सुविधा तथा अन्यःकार्यालयले तोकेबमोजिम ।
८.ग्राह्यताः सम्बन्धित स्थानीय तहको (अपाङ्गता भएको) वासिन्दा,अपाङ्गता भएको महिला, अपाङ्गतासँग सम्बन्धित कार्य अनुभव भएको, सांकेतिक भाषाको तालिम लिएका तथा दोभासेको कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।
९.पाठ्यक्रमः कोशी प्रदेशको समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची- १ बमोजिम हुनेछ ।
९.आवेदन ढाँचा यस कार्यालयको www.manebhanjyangmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
१०.दरखास्त दस्तुरवापतको रकम यस कार्यालयको राजस्व शाखामा नगद बुझाइएको सक्कल रसिद पेश गर्नुपर्नेछ।

थप जानकारीको लागि मोवाइल नं.९८५२८४०५६६/९८४३८८७७६८ मा सम्पर्क गर्न सकिनेछ ।

निमित प्रमुख प्रशासकीय अधिकृत



CamScanner